नेपाल सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
# नापी विभाग
( कर्मचारी प्रशासन शाखा )

फोन नं. ४६२१७१०, ४६२२७४२, ४६२२७१३, ४६२२७३३
फ्याक्स नं. ४६२२९५७
इमेल : info@dos.gov.np

मिनभवन,
काठमाडौं, नेपाल

पत्र संख्या:- १/१/०७४/७५
प्राप्त पत्र संख्या:..............
च.नं.: १३४३

मिति : २०७५/१/३

**विषय :- परिपत्र ।**

**श्री नापी विभाग, कित्तानापी महाशाखा, मिनभवन ।**
**श्री नापी विभाग, खगोल तथा भूमापन महाशाखा, मिनभवन ।**
**श्री नापी विभाग, स्थलरुप नापी महाशाखा, मिनभवन ।**
**श्री राष्ट्रिय भौगोलिक सूचना पूर्वाधार महाशाखा, मिनभवन ।**
**श्री नापी कार्यालयहरु सवै ।**

प्रस्तुत विषयमा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको प.सं. ०७४/७५/१(१)२१ च.नं.९९८ मिति २०७४/१२/२९ को पत्र साथ संलग्न शिक्षा विज्ञान तथा प्रविधी मन्त्रालयको प.स ०७४/०७५ च.नं. २७ मिति २०७४/१२/२८ को पत्र सहित छायाँप्रति थान ३ (तिन) यसैसाथ संलग्न छ । व्यहोरा सोही पत्रवाट अवगत गर्नु भई सोही अनुसार गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

( सुरेशराज जोशी )
**शाखा अधिकृत**

**वोधार्थ :**

श्री नापी विभाग,
योजना तथा अनुगमन शाखा :- यो परिपत्र विभागको Website मा प्रविष्ट गरी दिनु हुन ।

**"निजामती कर्मचारीको प्रतिवद्धता: पारदर्शिता र चुस्तता"**

नेपाल सरकार
# कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
(कर्मचारी प्रशासन शाखा)

☎ ४२११६६६
४२११६३२
४२११८४३
४२११७१३
४२११८३३
फ्याक्स: ४२३२२६२
सिंहदरवार, काठमाण्डौ

प.सं. २०७४/०७५/१(१)२१
च.नं. ९९८

मिति:-२०७४/१२/२९

क.प्र.
०७५।१।२

**विषय:- विधार्थी भर्ना अभियानमा सहभागी भई आवश्यक सहयोग गरि दिन हुन ।**

श्री भूमिसुधार तथा व्यवस्थापन विभाग, ववरमहल ।
श्री नापी विभाग, मीनभवन ।
श्री भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, धुलिखेल ।
श्री भू-सूचना तथा अभिलेख विभाग, ववरमहल ।
श्री राष्ट्रिय भू-उपयोग आयोजना, मध्ये बानेश्वर ।
श्री गुठी संस्थान, प्रधान कार्यालय, त्रिपुरेश्वर ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरवारको प.स. २०७४/०७५ च.नं. २७ मिति २०७४/१२/२८ को पत्रको छाँयाप्रति यसैसाथ संलग्न राखी पठाइएको छ । व्यहोरा उक्त पत्रवाट अवगत गर्नु भई विधार्थी भर्ना अभियानमा सहभागी भई आवश्यक सहयोग गरि दिन हुन आदेशानुसार अनुरोध छ ।

(मञ्जु थापा)
शाखा अधिकृत

**वोधार्थ:**
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,
सिंहदरवार ।

दर्ता नं. ४९४४
प्राप्त मिति २०७५।१।३

E: २०७४/७४/१/१/२१ सबै आयोग मन्त्रालय फाल्गुन महिना ठुलो प्याड

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

फोन नं.

सिंहदरबार,
काठमाडौं, नेपाल।

पत्र संख्या:-
चलानी नं:-

मिति: २०७४/१२/२८

विषय: विद्यार्थी भर्ना अभियानमा सहभागी भइ आवश्यक सहयोग गरिदिनुहुन।

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौं।
श्री अर्थ मन्त्रालय, सिंहदरबार काठमाडौं।
श्री सहरी विकास मन्त्रालय, सिंहदरबार काठमाडौं।
श्री स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, सिंहदरबार काठमाडौं।
श्री रक्षा मन्त्रालय, सिंहदरबार काठमाडौं।
श्री गृह मन्त्रालय, सिंहदरबार काठमाडौं।
श्री परराष्ट्र मन्त्रालय, सिंहदरबार काठमाडौं।
श्री ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय, सिंहदरबार काठमाडौं।
श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार काठमाडौं।
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार काठमाडौं।
श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरबार काठमाडौं।
श्री वन तथा वातावरण मन्त्रालय, सिंहदरबार काठमाडौं।
श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार काठमाडौं।
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाडौं।
श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार काठमाडौं।
श्री युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबार काठमाडौं।
श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार काठमाडौं।
श्री कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार काठमाडौं।
श्री कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, सिंहदरबार काठमाडौं।
श्री खानेपानी मन्त्रालय, सिंहदरबार काठमाडौं।

प्रस्तुत विषयमा नेपालको संविधान, २०७२ ले प्रत्याभूत गरे अनुरूप प्रत्येक बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क हुनेगरी व्यवस्था गर्न विद्यालय बाहिर रहेका प्रत्येक बालबालिकाहरूलाई विद्यालयमा ल्याउन, भर्ना भएकै दिनमा पूरा सेटमा पाठ्यपुस्तक उपलब्ध गराउन, बालमैत्री सिकाइ वातावरण बनाई विद्यालयमा बालबालिकाहरूलाई टिकाइ राख्न आगामी शैक्षिक सत्र २०७५ का लागि बैशाख १ गतेबाट "विद्यार्थी भर्ना तथा पाठ्यपुस्तक वितरण अभियान" कार्यक्रम सञ्चालन गरिँदैछ। यस मन्त्रालयबाट आगामी शैक्षिक सत्र २०७५ को आदर्श वाक्य "सबैको इच्छा, अनिवार्य निःशुल्क आधारभूत शिक्षा" तय गरिएको छ।

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

फोन नं.

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-

गरी सन्दर्भमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४/१२/२७ को निर्णय अनुसार "विद्यार्थी भर्ना तथा पाठ्यपुस्तक वितरण सम्बन्धमा विपन्न, गरिब, सीमान्तकृत, लोपोन्मुखलगायत शिक्षाको अवसरबाट बञ्चित विद्यालय जाने उमेरका बालबालिकामध्ये कम्तीमा एकजना बालक वा बालिका पहिचान गरी विद्यालयमा भर्ना गरिदिनुहुन र भर्ना भएका बालबालिकाको पठनपाठनको निरन्तरतालाई सुनिश्चित गर्न स्वैच्छिक योगदान गरिदिनुहुन नेपाल सरकारका मन्त्रीहरू, सम्पूर्ण राजनीतिक दलका पदाधिकारी, संघ, प्रदेश र स्थानीय तहका निर्वाचित जनप्रतिनिधि, उद्योगी, व्यापारी बुद्धिजीवी, नागरिक समाज, सञ्चारकर्मी, रङ्गकर्मी, कलाकर्मी, प्राध्यापक, शिक्षाविद्, पेशाकर्मी, राष्ट्रसेवक कर्मचारी, सरकारी एवम् गैरसरकारी सङ्घसंस्था, शिक्षक महासंघ, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक लगायतका सम्पूर्ण देशभक्त एवम् शिक्षाप्रेमी नागरिकहरूमा नेपाल सरकारका तर्फबाट आह्वान गर्ने" निर्णय भएकोले सो कार्यान्वयनका लागि मन्त्रालयबाट यस सम्बन्धमा जारी भएको सार्वजनिक आह्वान समेत संलग्न गरी आवश्यक सहयोगको लागि पठाइएको व्यहोरा अनुरोध छ ।

(डा. हरिप्रसाद लम्साल)
सहसचिव

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

फोन नं. {

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:-
चलानी नं.:-

# विद्यार्थी भर्ना तथा पाठ्यपुस्तक वितरण सम्बन्धमा सार्वजनिक आह्वान

आदरणीय अभिभावक तथा सम्पूर्ण देशभक्त नागरिकहरू,

नेपालको संविधानले प्रत्याभूत गरेको अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको अधिकार प्रचलनका निम्ति विद्यालय उमेर समूहका सम्पूर्ण बालबालिकाहरूलाई विद्यालयमा ल्याई गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्नु सरकारको दायित्व हो। सरकारले आव्हान गरेको बेला राष्ट्रको सेवा गर्नु आम नागरिकको कर्तव्य पनि हो।

सबै बालबालिकाहरूलाई विद्यालय शिक्षाको पहुँचभित्र ल्याउन तथा विद्यालयमा टिकाइराख्न सरकारले अघि सारेको "एक बच्चाको भर्ना मेरो सामाजिक दायित्व, पहुँचको सुनिश्चितता र सिकाइमा स्थायित्व" भन्ने नारालाई आत्मसात् गरी आफ्नो सामाजिक दायित्व अन्तर्गत विपन्न, गरीब, सीमान्तकृत, लोपोन्मुखलगायत शिक्षाको अवसरबाट बञ्चित विद्यालय जाने उमेरका बालबालिकामध्ये कम्तीमा एक जना बालक वा बालिका पहिचान गरी विद्यालयमा भर्ना गरिदिनुहुन र भर्ना भएका बालबालिकाको पठन पाठनको निरन्तरतालाई सुनिश्चित गर्न स्वैच्छिक योगदान गरिदिनुहुन नेपाल सरकारका मन्त्रीहरू, सम्पूर्ण राजनीतिक दलका पदाधिकारी, सङ्घ, प्रदेश र स्थानीय तहका निर्वाचित जनप्रतिनिधि, उद्योगी, व्यापारी, बुद्धिजीवी, नागरिक समाज, सञ्चारकर्मी, रङ्गकर्मी, कलाकर्मी, प्राध्यापक, शिक्षाविद्, पेसाकर्मी, राष्ट्रसेवक कर्मचारी, निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड युनियन, सरकारी एवम् गैरसरकारी सङ्घसंस्था, शिक्षक महासङ्घ, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक लगायतका सम्पूर्ण देशभक्त एवम् शिक्षाप्रेमी नागरिकहरूमा नेपाल सरकार हार्दिक आह्वान गर्दछ।

अन्तमा, अभियानको पूर्ण सफलताका निम्ति आफ्ना बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालयमा भर्ना गराउन, उनीहरूलाई नियमित रूपमा पोषणयुक्त सन्तुलित भोजन तथा विद्यालय पठाउन र सिकाइका निम्ति अनुकूल वातावरण सिर्जना गरिदिनुहुन सम्पूर्ण अभिभावकहरूमा नेपाल सरकार अनुरोध गर्दछ।

खगराज बराल
सचिव

*"हामी सबैको इच्छा, अनिवार्य निःशुल्क आधारभूत शिक्षा"*